# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, साउन १७ गते २०५१ साल ( संख्या १६


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्रिकर ऐन,२०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यमा उत्पादित बिजुली निकाल्न प्रयोग गरिने वाटर टर्वाइन ( Water Turbine) खरिद गर्दा लाग्ने बिक्रिकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत (उप सचिव)

296

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री रवीन्द्रकुमार शाक्य मलेशियाको राजधानी क्वालालम्पुरमा हुने एशिया तथा प्रशान्त क्षेत्रको विकास सम्बन्धी संस्था (ए.पी.डी.सी) को व्यवस्थापन समितिको बैठकमा समेत भाग लिन त्यसतर्फ जानुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली,२०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका का. मु. विशेष सचिव डा. प्रभा वस्नेतलाई मिति २०५१।३।२३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलराम सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोहि उपदफाको खण्ड (ग) को प्रयोजनको लागि काठमाडौं उपत्यकामा डिजेलबाट चल्ने सवारीको धूँवाको घनत्व (Smoke Density) अधिकतम ६५ H.S.U र प्रेट्रोलबाट चल्ने सवारीको लागि कार्बन मोनो अक्साइडको मात्रा अधिकतम ३ प्रतिशत (by Volume) को मापदण्ड कायम गर्ने गरी तोकेको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

२९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।